
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार १३ गते सोमबार ❑ 27 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## जनप्रतिनिधिले काम गरेर प्रतिफल दिनुपर्छ : महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
**दमौली, १२ असार**

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले स्थानीय तहमा नेपाली कांग्रेसका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरुले काम गरेर प्रतिफल दिनुपर्ने बताउनुभएको छ।



नेपाली कांग्रेस तनहुँ क्षेत्र नम्बर २ ले दुलेगौँडामा आयोजना गरेको स्थानीय तह निर्वाचनमा निर्वाचित जनप्रतिनिधिलाई बधाई तथा प्रशिक्षण कार्यक्रममा उहाँले जनमुखी काम गरेर जनताको विश्वास जित्दै परिणाम दिनुपर्ने बताउनुभयो । जनप्रतिनिधिले जनमुखी काम गरेर परिणाम दिनुपर्ने बताउँदै थापाले भन्नुभयो, "जनप्रतिनिधिमाथि पाँच वर्ष धेरै ठूलो जिम्मेवारी आएको छ, केही काम गर्नुपर्नेछ, परिणाम दिनुपर्नेछ । त्यसमा जनप्रतिनिधि गम्भीर भएर लाग्नुपर्छ ।" महामन्त्री थापाले स्थानीय तहले नागरिकको स्वतन्त्रतालाई विचार गर्नुपर्ने भन्दै शासनमा जवाफदेहिता र पारदर्शीता कायम गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । सेवा प्रवाहमा सिर्जनशीलताहुनुपर्नेभन्दैमहामन्त्री थापाले सेवा प्रवाहलाई सहज र सरल बनाउनुपर्ने बताउनुभयो । "स्थानीय तह जनताको सेवक भएर काम गर्नुपर्छ, स्रोतको राम्रो परिचालन गर्न सक्नुपर्छ, तब मात्र जनताको अपेक्षा पूरा गर्न सकिन्छ", महामन्त्री थापाले भन्नुभयो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले जनताका खास मुद्दालाई एजेण्डा बनाएर अगाडि जान जरुरी रहेको बताउनुभयो । कांग्रेसले देशभर सबैभन्दा बढी पालिका जितेकाले कांग्रेस कमजोर नरहेको चर्चा गर्दै पौडेलले कमजोरी सुधार्न नसक्दा केही बढी सिट जित्न नसकेको उल्लेख गर्नुभयो । "कमजोरी सुधार्न नसक्दा पनि राम्रो सिट जित्न सकेका छौं, कमजोरी सुधारेर व्यवस्थित ढङ्गले अगाडि जान सक्दा धेरै सिट जित्न सक्छौं", पौडेलले भन्नुभयो । आजको स्थितिमा कांग्रेसले एक्लै निर्वाचन जित्ने गरी तयारी गर्नुपर्ने पौडेलको भनाइ थियो । "हामी गठबन्धनको विरोधी होइन, तर त्यहाँ जोखिम छ, जोखिम मोल्दै गर्दा एक्लै जानुपर्ने स्थिति पनि आउन सक्छ", उहाँले भन्नुभयो । तनहुँ क्षेत्र नम्बर २ का सभापति चूडामणि खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य ध्रुव वाग्ले, नेता यज्ञ थापालगायतले धारणा राख्नुभएको थियो ।

## मन्त्रिपरिषद्मा हेरफेर

**रासस**
**काठमाडौं, १२ असार**

राष्ट्रपति विद्यादेवी भण्डारीले गत असार २९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा आइतबार हेरफेर गर्नुभएको छ।

राष्ट्रपति भण्डारीले संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को उपधारा (१) बमोजिम प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा चार मन्त्री र एक राज्यमन्त्रीको नियुक्ति र कार्यविभाजन तोक्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ । नयाँ मन्त्रीहरुमा जीवनराम श्रेष्ठ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, मेटमणि चौधरी सहरी विकास मन्त्रालय, भवानीप्रसाद खापुङ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र शेरबहादुर कुँवरलेश्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी प्राप्त गर्नुभएको छ । त्यसैगरी राज्यमन्त्रीमा हिराचन्द्र केसी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय हुनुहुन्छ ।नेकपा (एकीकृत समाजवादी) का तर्फबाट सरकारमा उहाँहरुलाई सहभागी गराइएको हो ।

## विपद्जन्य घटनामा सजगता अपनाउन महानगरको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असार**

अविरल वर्षापछि पोखरा महानगरपालिकाका विभिन्न स्थानमा डुबान तथा पहिराले भौतिक क्षति भएपछि वर्षाका कारण आउन सक्ने विपद्को जोखिमबाट जोगिन र थप सजगता अपनाउन महानगरले नगरवासीलाई आग्रह गरेको छ।

महानगर प्रमुख धनराज आचार्यले आइतबार एक अपिल प्रकाशित गर्दै पोखराका विभिन्न ठाउँमा शुक्रबार रातिदेखि परेको अविरल वर्षाका कारण भएको क्षतिप्रति दुःख व्यक्त गर्दै सावधानी अपनाउन नगरवासीलाई अनुरोध गर्नुभएको हो । पोखरा-२५ हेम्जामा घर डुबानमा परेको तथा केही घरमा क्षति पुगेको, पोखरा-४ मा सडक भासिनुका साथै एक घरमा क्षति पुगेको, पोखरा-१६ अर्मला, वडा नम्बर २३ चापाकोट र वडा नम्बर-१९ पुरुनचौरलगायत विभिन्न स्थानमा जमिन भासिनुका साथै ग्रामीण तथा सहरी सडकसमेत अवरुद्ध हुन पुगेको महानगरले जनाएको छ।

महानगर प्रमुख आचार्यले प्रभावित स्थानमा जिल्ला प्रशासन कार्यालय कास्की, नेपाल प्रहरी र रेडक्रससहित सरोकारवाला संस्थासँग सहकार्य गर्दै राहत उद्धार र आवश्यक सहजीकरण कार्य भइरहेको जानकारी दिनुभयो।

अपिलमा भनिएको छ, "बाढी, पहिरो र डुबानलगायत कारण उत्पन्न विपद्को यो क्षणमा बर्सातका समयमा जमिन भासिने, बाढी, पहिरो र जलाशयहरुको बढी जोखिम हुने हुँदा थप सजगता अपनाउन, पूर्वसूचना/सङ्केतका आधारमा जोगिने उपाय खोज्न र विपत्तिमा सम्बन्धित निकायमा यथासक्य छिटो जानकारी गराउनुहुन सबै नगरवासी समक्ष हार्दिक अपिल गर्दछु।"

केही दिनयताको वर्षाका कारण शनिबार पोखरा-२५ हेम्जामा ३०० घर डुबानमा परेको थियो । सोही ठाउँको पहिराले दुई घर पूर्ण क्षति भएको छ भने एक दर्जन घर जोखिममा छन् । त्यसैगरी आइतबार बिहान पोखराको गैह्रापाटनमा पक्की सडक भासिएको थियो भने एक घरमा क्षति पुगेको छ।

## आफ्नो कामबाट ९० प्रतिशत सन्तुष्ट छु : मन्त्री आले

**रासस**
**काठमाडौं, १२ असार**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले आफूले मन्त्री पदका हैसियतमा गरेका कामबाट ९० प्रतिशत सन्तुष्ट भएको बताउनुभएको छ।

मन्त्रालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा उहाँले आफ्नो नौ महिने कार्यकालमा भएका कामबारे जानकारी दिनुहुँदै आफूले गरेका कामबाट निकै सन्तुष्ट भएको बताउनुभयो । उहाँले भन्नुभयो, "म आफ्नो कामबाट ९० प्रतिशत सन्तुष्ट रहेको छ, बाँकी अधुरा रहेका कामहरू अब आउने मन्त्रीजीले गर्नु हुनेछ भन्ने आशा लिएको छु।" विमानस्थलको स्तरोन्नतिदेखि जहाजको नाइट स्टप तोकिएकै ठाउँमा राख्न लगाउने र जहाजको बेस लिएकै ठाउँबाट पहिलो उडान गर्नुपर्नेजस्ता नागरिकलाई फाइदा पुग्ने थुप्रै कामहरूका विषयमा मन्त्री आलेले जानकारी दिनुभयो।

यसैगरी विशिष्ट व्यक्तिहरूको हेलिकप्टर उडानमा दुई पाइलट अनिवार्य राख्नुपर्ने नियम लागू गराएको मन्त्री आलेले दाबी गर्नुभयो।

कतिपय काम आफूले चाहेर पनि गर्न नसकेको स्पष्टीकरण दिनुहुँदै उहाँले थप भन्नुभयो, "मेरो कार्यकालमा धेरै काम राम्रा भएका छन्, कतिपय काम आफूले चाहेर पनि गर्न सकेन, ती अधुरा काम अन्य दिनमा हुनेछन् ।" गठबन्धन सरकारमा २०७८ सालको असोज २२ गते शुक्रबार मन्त्री आले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको जिम्मेवारी पाउनुभएको थियो।

मन्त्री आलेले नेपालमा पहिलो पटक पाँच हजार क्षमताको ध्यान केन्द्र निर्माण सम्पन्न गरेको र प्रधानमन्त्री शेरबहादुर देउवाबाट उद्घाटन गराइएको बताउनुभयो । उहाँले लुम्बिनीलाई प्राकृतिक वनका रूपमा संरक्षण गर्नका लागि बुद्धकालीन प्रजातिका ४० हजार वृक्षरोपण कार्य सम्पन्न गरेको जानकारी दिनुभयो।

यसैगरी पशुपति क्षेत्रमा विश्वरुपा मन्दिरको शिलान्यास, पशुपतिनाथका खाली भित्तामा सौन्दर्यीकरणका लागि चित्र लेखन कार्य तथा रङ्गरोगन सरसफाइ गरिएको र अन्य वर्षको तुलनामा गत वर्षको शिवरात्रि भव्य र सभ्य रूपमा सफल भएको मन्त्री आलेले उल्लेख गर्नुभयो।

नेपालबाट हराएका ८६ वटा मूर्ति र थप अन्य सांस्कृतिक वस्तु विदेशबाट फिर्ता ल्याउने प्रक्रियामा रहेको समेत मन्त्री आलेले उक्त पत्रकार सम्मेलनमा जानकारी गराउनुभयो।

## सुदूरपश्चिम प्रदेशका संसदीय गतिविधिबारे जानकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असार**

गण्डकी प्रदेशमा संसदीय मामिलामा कलम चलाउने सञ्चारकर्मीको टोलीले सुदूरपश्चिम प्रदेश प्रदेशसभामा भइरहेका संसदीय गतिविधि, कानुन निर्माण प्रक्रियालगायतका विषयमा स्थलगत जानकारी लिएको छ।

संसदीय पत्रकार मञ्च गण्डकी प्रदेशको आयोजना एवं गण्डकी प्रदेशको कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालयको सहयोगमा क्षमता अभिवृद्धिका लागि अध्ययन, अवलोकन र अनुभव आदान-प्रदानसहितको तालिमअन्तर्गत जारी अवलोकन भ्रमणका क्रममा सुदूरपश्चिम प्रदेशमा त्यहाँका सभामुख


बाँकी अन्तिम पृष्ठमा ▶▶


## जिसस तनहुँमा गठबन्धनका उम्मेदवार विजयी

**पोखरापत्र संवाददाता**
**दमौलीं, १२ असार**

जिल्ला समन्वय समिति तनहुँमा गठबन्धनका उम्मेदवार निर्वाचित भएका छन् । समन्वय समितिमा नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)का उम्मेदवार निर्वाचित भएका हुन्।

समन्वय समितिको प्रमुखमा शान्तिरमण वाग्लेको मात्रै एकल उम्मेदवारी दर्ता भएपछि उहाँ निर्विरोध निर्वाचित हुनुभएको छ । समन्वय समिति तनहुँको निर्वाचन कार्यतालिका बमोजिम वाग्लेले आइतबार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराउनुभएको थियो।

नेपाली कांग्रेसका तर्फबाट वाग्ले दोस्रो कार्यकालका लागि समन्वय प्रमुख निर्वाचित हुनुभएको हो । वाग्ले व्यास नगरपालिका-३ बाट वडा सदस्यमा निर्वाचित हुनुभएको थियो।

यसैगरी उपप्रमुखमा नेकपा (माओवादी केन्द्र) का वासुदेव थापा निर्विरोध निर्वाचित हुनुभएको छ । थापा आँबुखैरेनी गाउँपालिका-२ बाट वडा सदस्यमा निर्वाचित हुनुभएको थियो। जिसस निर्वाचनका लागि नेपाली कांग्रेस र नेकपा (माओवादी) केन्द्रबीच सहकार्य गर्ने सहमतिबमोजिम सदस्यमा कांग्रेसका तर्फबाट छ र माओवादीका तर्फबाट दुई जनाको उम्मेदवारी दर्ता भएको थियो । नेकपा (एमाले) ले भने उम्मेदवारी दर्ता नगराएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । सदस्यका लागि नेपाली कांग्रेसका तर्फबाट भानु नगरपालिका-१३ का चिरञ्जीवी ढकाल, आँबुखैरेनी गाउँपालिका-४ का नेत्र गुरुङ, ऋषिङ गाउँपालिका-२ की पानकुमारी खाँण, शुक्लागण्डकी नगरपालिका-१० का तिलादेवी राना र म्याग्दे-४ का डोलबहादुर सुनारको उम्मेदवारी दर्ता भएको छ। माओवादीका तर्फबाट सदस्यमा शुक्लागण्डकी नगरपालिका-११ का वडा सदस्य खिमलाल भण्डारी र महिला सदस्यमा बन्दीपुरकी लक्ष्मी गुरुङको उम्मेदवारी दर्ता भएको छ । सबै सदस्यहरु पनि निर्विरोध निर्वाचित हुनुभएको छ।

## चट्याङबाट बचौ र बचाऔं ।

**चट्याङबाट बच्न,**

- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा च्यापिटङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**

- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्युटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रदेश स्तरीय व्याडमिन्टन प्रतियोगिताको उपाधि क्षितिज र दिलाशालाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असार**



कास्की जिल्ला व्याडमिन्टन संघले आयोजना गरेको प्रथम गण्डकी प्रदेशस्तरीय व्याडमिन्टन प्रतियोगिताको एकलतर्फको उपाधी क्षितिज खनाल र दिलाशा रानाले उचालेका छन् ।

पोखरा रंगशालामा भएको फाइनल खेलमा पुरुषतर्फको एकल विधामा विधान अधिकारीलाई हराउँदै उपाधी उचालेका हुन् । १-१ सेट जितेको अवस्थामा अन्तिम अर्थात तेस्रो सेट चलिरहँदा विधानले बिचमै खेल छाडेपछि उनी च्याम्पियन बनेका हुन् । विधानले पहिलो सेट २१-१९ र खनालले दोस्रो सेट २१-१५ ले आफनो पक्षमा पारेका थिए । उनले २० हजार रुपैयाँ हात पारे भने विधानले १० हजार रुपैयाँ प्राप्त गरे । कास्कीका विशाल खड्का र लमजुङका सुजन थापाले तेस्रो हुँदै १०/१० हजार रुपैयाँ प्राप्त गरे । महिलातर्फ दिलाशाले कास्कीकै अनु रानालाई सोझो सेटमा पराजित गर्दै उपाधि चुमिन् । उनले २१-१५,२१-११ को सेटमा रानालाई हराउँदै नगद १५ हजार रुपैयाँ प्राप्त गरिन् । अनुले १० हजार रुपैयाँ प्राप्त गरिन् । आकृति केसी र आयुस्मा नेपालले तेस्रो हुँदै १० हजार प्राप्त गरिन् ।

महिला डबल्सतर्फको प्रतिस्पर्धामा कास्कीका यामकुमारी गुरुङ र दिलाशा रानाको जोडीले कास्कीकी माया पुन र तनहुँकी रुबी श्रेष्ठको जोडीलाई निर्णायक सेटमा पराजित गर्दै उपाधि उचाले । उनीहरुले २१-१५, २४-२६ र २१-१५को सेटमा हराउँदै उपाधि चुम्न सफल भए । मेनुका गुरुङ र आयुष्मा नेपाल तथा कास्कीकै आकृति केसी र अनु रानाको जोडी तेस्रो स्थानमा रहे ।

पुरुष तर्फको डबल्सको उपाधि कास्कीका विधान अधिकारी र पर्वतका विधान गुरुङको जोडीले उचाल्यो । उक्त जोडीले लमजुङका सुजन थापा र स्याङजाका दीपक रानाको जोडीलाई २१-१४, १८-२१ र २१-१८ को सेटमा हराए । कास्कीका विशाल बस्नेत र बिशाल गुरुङको जोडी तथा विशाल खड्का र कृष्ण बस्नेतको जोडी तेस्रो भए । पुरुष डबल्सतर्फको विजेता, उपविजेता र तेस्रो हुनेले क्रमश नगद ४०, २५ र २० हजार रुपैयाँ प्राप्त गरे ।

महिला डबल्स तर्फको विजेताले नगद ३० हजार,२० हजार र १० हजार रुपैयाँ प्राप्त गरेको प्रतियोगिताका संयोजक अमृत पोखरेलले बजानकारी दिए । प्रतियोगितामा विजेताहरुलाई गण्डकी प्रदेश युवा तथा खेलकुदमन्त्री राजीव गुरुङ, संघका अध्यक्ष शुशिलकुमार श्रेष्ठ लगायतले नगदसहित ट्रफी, पदक तथा प्रमाणपत्र प्रदान गरेका थिए । संघका अध्यक्ष सुशील कुमार श्रेष्ठको अध्यक्षतामा भएको समापन समारोहमा स्वागत मन्तव्य उपाध्यक्ष विशाल खड्काले राखेको थिए भने शुभकामना मन्तव्य संजयकुमार अधिकारीले राखेका थिए । कार्यक्रम संघका सचिव फणिन्द्र तिमिल्सिनाले संचालन गरेका थिए ।



जेनिसलाई भद्रकालीमा सम्मानः पोखरा महानगरपालिका वडा न १३ निवासी जेनिस क्षेत्रीलाई भद्रकाली माविमा आइतवार स्वागत तथा सम्मान गरेको छ । आगमी १८ गते हुने नेपहफ श्रीपेच अन्तर्गत प्रतियोगितामा विजयीको शुभकामान प्रदान गरिएको विद्यालयका प्रधानाध्यापक घनश्याम रिजालले बताए । जेनिस कक्षा ११ र १२ भद्रकालीमा अध्ययन गरेका थिए ।

# शुभकामना गोल्डकपको उपाधि क्यामरुनी क्लब एभिनियरलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असार**



नेपाल आइस छैटौं शुभकामना अन्तराष्ट्रिय गोल्डकपकोउपाधीक्यामरुनको एभिनियर क्लबले उचालेको छ ।

हेम्जा युनाइटेडको आयोजनामा गौरीशंकर खेलमैदानमा आइतबार भएको खेलमा आयोजक हेम्जा युनाइटेडलाई ३-१ गोल अन्तरले हराउँदै एभिनियरले नगद ६ लाख रुपैयाँ सहित उपाधी उचालेको हो । हेम्जाले ३ लाख रुपैयाँ प्राप्त गऱ्यो ।

एभिनियरले खेलको सुरुवातमै गोल गरेपनि त्यो अफसाइड रह्यो । पहिला बल चलाएको एभिनियरले सुरुवातमै आक्रमण गरेको थियो । आक्रमक शैलीको फुटबल खेलको एभिनियरले खेलभर हेम्जालाई निकै दबाबमा राख्यो । सेन्टरबाट चलेको बललाई विल्लेले नियन्त्रणमा लिदैं अघि बढाउँदै साङलाई दिएको पासमा उत्कृष्ट गोल गरेपनि अफसाईड रह्यो । एभिनियरले खेलको छैटौं मिनेटमा नै गोल गर्दै अग्रता लियो । हेम्जाका डिफेन्डर सुमन अर्यालले क्लियर गर्नेक्रममा एभिनियरले कर्नर प्राप्त गरेको थियो । विल्लेले प्रहार गरेको कर्नरमा आनिसेले हेडर मार्फत गोल गरे । निकै दबाबमा परेको हेम्जाले खेलको ३५ औं मिनेटमा गोल गर्दै खेलमा फर्किएको थियो । एभिनियरका डिफेन्डर र गोलरक्षक कोभास्सि झुक्किरहँदा सुशिल राईले उत्कृष्ट गोल गरे । खेलको पहिलो हाफ बराबरीमै रोकिएको थियो । अत्यन्तै प्रतिस्पर्धात्मक बनको खेलको दोस्रो हाफमा हेम्जाको गोलपोस्ट निकै व्यस्त रह्यो । रक्षात्मक खेल खेलेको हेम्जाले दोस्रो हाफमा गोल गर्न नदिदाँ निर्धारित समयको खेल १-१ गोलको बराबरीमा सकिएको थियो । थप गरिएको अतिरिक्त ३० मिनेटमा एभिनियरले २ गोल गर्दै ३-१ को स्थिति बनाएपछि उपाधी चुमेको हो । खेलको ९८ औं मिनेटमा साङले गोल गरे । यस्तै १०६ औं मिनेटमा विल्लेले गोलगर्दै जित निश्चित गराएका थिए ।

हेम्जा युनाइटेडका गोलरक्षक दिप कार्की सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन् । उनले नगद ५० हजार रुपैयाँको साथमा ट्रफि प्राप्त गरे । आयोजक हेम्जा युनाइटेडलाई फाइनलमा पुऱ्याउनुमा उनको महत्वपूर्ण योग्दान रहेको थियो । यस्तै हेम्जा युनाइटेडकै आसिक गुरुङ उत्कृष्ट डिफेन्डर घोषित भए भने सुशिल राई उत्कृष्ट फरवार्ड घोषित भए । एभिनियरका गोलरक्षक कोभास्सि उत्कृष्ट गोलरक्षक, एभिनियरकै नेल्सन उत्कृष्ट मिडफिल्डर र आसिक थापा मगर उत्कृष्ट प्रशिक्षक घोषित भए । प्रतियोगिताको उदीयमान खेलाडी हेम्जाका मनिश थापा घोषित भए । उनीहरु सबैले समान २०/२० हजार रुपैयाँको साथमा ट्रफि प्राप्त गरे । प्रतियोगिताको अनुशासित टिम कालिका फुटबल क्लब घोषित हुँदै २५ हजार प्राप्त गऱ्यो ।

घोषित हुँदा सर्वाधिक गोलकर्ता भने एभिनियरका विल्ले र हेम्जाका कमल थापा मगर रहे उनीहरुले समान ३/३ गोल गरे । उनीहरुले २५ हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगिताको पुरस्कार गण्डकी प्रदेश युवा तथा खेलकुद मन्त्र राजिव गुरुङले प्रदान गरे ।

असार ४ गतेदेखी संचालन भएको प्रतियोगितामा विभागिय क्लब एपिएफ, चर्च ब्वाइज, विदेशी अफ्रिकनी टिम क्यामरुन, कमलटार, कालिका स्पोर्ट्स चितवन, बागमती युवा क्लब सर्लाही, विरगंज युनाइटेड र आयोजक हेम्जा युनाइटेड को सहभागिता रहेको थियो ।

# एम.ए.कस्ट्रक्सन जेभिद्वारा पोखरा स्पोटर्स अवार्डलाई १ लाख ५० हजार सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असार**

छैटौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड २०७८ लाई सफल पार्न एम.ए.कस्ट्रक्सन जेभिले एक लाख ५० हजार रुपैया सहयोग गर्ने भएको छ ।

उक्त कम्पनीका निर्देशक ई. दीपक बराल नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष दीननाथ बराल बराल बिच आइतबार पोखरा रंगशालामा एक समारोहका बिच सम्झौता पत्रमा हस्ताक्षर भएको मञ्चले जनाएको छ । उक्त समारोहमा मञ्चका निर्वतमान अध्यक्ष एकराज गिरी र सचिव शसि पौडेलको समेत सहभागिता रहेको थियो । प्राप्त सहयोगले उक्त अवार्ड सम्पन्न गर्न थप टेवा पुग्ने मञ्चका अध्यक्ष बरालले बताए । खेलाडीहरुलाई सम्मान तथा हौसला प्रदान गर्ने उक्त अवार्ड आफुहरुले निष्पक्ष ढंगले प्रदान गर्ने उनले जनाए । पोखरा रंगशाला फुटवल स्टेडिएम एक अर्ब २८ करोडको लागतमा निर्माण गरेको ग्रेट स्पोटस एण्ड एम.ए.कस्ट्रक्सन जेभिले सुर्खेतमा एक अर्ब ६० करोडको लागतमा विभिन्न खेल मैदान तथा रंगशाला निर्माण गर्न सुरु गरेको ई. बरालले बताए । खेलाडी तथा प्रशिक्षकहरुलाई प्रोत्साहन गर्ने उक्त अवार्डमा सहयोग गर्न पाएकोमा ई.बरालले खुसि व्यक्त गरे । पोखरा सभागृह हलमा आयोजना हुने अवार्ड कार्यक्रमलाई गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, नेपाल भूतपूर्व खेलाडी मञ्च, तमु धिं युके, सहारा क्लब पोखरा, होटल पौवा लेकसाइड, जुजु वेर्यस, सिटीवान टेलिभिजन, चिल्लिबार एण्ड रेष्टुरेन्ट लगायतले सहयोग गरेका छन् । अन्य विभिन्न संघ संस्थाबाट सहयोग आउने क्रम जारी रहेको छ ।

विश्व खेलकुद पत्रकार दिवसको अवसर हुने उक्त अवार्ड २०७८ कार्यक्रम मार्फत मञ्चले लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलाडी पुरुष, वर्ष उत्कृष्ट खेलाडी महिला, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र उत्कृष्ट खेल पत्रकारलाई अवार्ड वितरण गर्ने भएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए ।

# सुदुरपश्चिम...

तथा सरोकारवालाबीच छलफल गरी भइरहेका संसदीय गतिवधिबारे जानकारी लिइएको हो । छलफलका क्रममा शनिबार सुदूरपश्चिम प्रदेशसभाका सभामुख अर्जुनबहादुर थापाले सुदूरपश्चिममा कानुन निर्माणका क्रममा के सत्तापक्ष के पक्ष-प्रतिपक्ष सबैले एकताबद्ध प्रयास गर्ने गरेको अनुभव सुनाउनुभयो । सबै विधेयकहरू समितिमा व्यापक छलफल गरेर ल्याउने गरिएको जनाउँदै उहाँले कानुनको कार्यान्वयन भने अपेक्षितरूपमा प्रभावकारी बन्न नसकेको बताउनुभयो । संसद्लाई जनतासँग लैजाने कुरालाई आफूहरूले प्राथमिकता दिएको बताउँदै उहाँले विद्यार्थीलाई पनि संसदीय गतिविधि तथा कानुन निर्माणबारे जानकारी गराउनेजस्ता कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । कोरोना महामारीलगायतका समस्यामा प्रदेशको आवश्यकता र औचित्य थप पुष्टि भइरेको बताउँदै उहाँले यसलाई बलियो बनाएर लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री डा रणबहादुर रावलले सङ्घीयताको मर्म र भावनाअनुसार शक्ति हस्तान्तरण हुनुपर्ने भए पनि अझै त्यसअनुरुप हुन नसकेको बताउनुभयो । सङ्घका कतिपय कानुन बन्न नसक्दा प्रदेशका कानुन निर्माणमा समस्यासँगै कार्यान्वयनमा पनि प्रभाव परेको उहाँले बताउनुभयो । संसदीय पत्रकार मञ्च गण्डकी प्रदेशका कावा अध्यक्ष अमृत सुवेदीले गण्डकी प्रदेशसभामा हुने गरेका संसदीय गतिविधि, संसद् र सञ्चारकर्मीबीचको सम्बन्धलगायतमा जानकारी गराउनुभयो ।

# नेपाल आर्मी टिम च्याम्पियन

**रासस**
**काठमाडौं, १२ असार**

नेपाल आर्मी ४४औं राष्ट्रिय एथलेटिक्स प्रतियोगितामा आज टिम च्याम्पियन बनेको छ । आर्मीले १८ स्वर्ण, १२ रजत र पाँच कास्य जित्दै टिम च्याम्पियनको उपाधि उचालेको हो । नेपाल एथलेटिक्स सङ्घको आयोजनामा त्रिपुरेश्वर स्थित दशरथ रङ्गशालामा भएको प्रतियोगितामा एपिएफ क्लब ९ स्वर्ण, ६ रजत ८ कास्यका साथ दोस्रो भयो । तेस्रो स्थानको बाग्मती प्रदेशले ३ स्वर्ण, २ रजत र ६ कास्य हात पाऱ्यो । ३२ स्वर्णका लागि भएको प्रतिस्पर्धामा बाँकी २ स्वर्ण नेपाल प्रहरी क्लबले जित्यो । प्रहरीले ३ रजत र ४ कास्य पनि हासिल गऱ्यो ।

सात प्रदेश र तीन विभागीय गरी १० टिम सहभागी प्रतियोगितामा ६ टिम स्वर्णविहीन रहे । प्रतियोगिताको पुरुषमा एपिएफका शिवराज पार्की तथा महिलामा च्याम्पियन टोली आर्मीकी जयरानी थारू उत्कृष्ट खेलाडी घोषित भए । शिवराजले ३ स्वर्ण र १ रजत जिते । जयरानीले २ कीर्तिमानीसहित ४ स्वर्ण कब्जा गरिन् । जयरानीको नाममा थप १ रजत पनि रह्यो । जयरानीले १०० र ४०० मिटर हर्डल्समा कीर्तिमान रचेकी थिइन् ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# तनहुँका स्थानीय तहद्वारा सात अर्ब ९१ करोडको बजेट प्रस्तुत

पोखरापत्र संवाददाता
दमौली, १२ असार

तनहुँका स्थानीय तहले आगामी आर्थिक वर्ष २०७९/८० का लागि करिब रु आठ अर्ब बराबरको अनुमानित बजेट प्रस्तुत गरेका छन् । जिल्लाका चार नगरपालिका र छ गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि रु सात अर्ब ९१ करोड ८७ लाख ७३ हजार १८५ को अनुमानित बजेट प्रस्तुत गरेका हुन् । सबैभन्दा बढी व्यास नगरपालिकाले र सबैभन्दा कम घिरिङ गाउँपालिकाले बजेट प्रस्तुत गरेका छन् ।

व्यास नगरपालिकाले रु एक अर्ब ६५ करोड ५४ लाख ५१ हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ । विनियोजित बजेटमध्ये चालुतर्फ रु ८६ करोड ५५ लाख छ हजार र पूँजीगततर्फ रु ७८ करोड ९९ लाख ४५ हजार अनुमान गरिएको उपप्रमुख इन्दिरा दौरेले बताउनुभयो ।

आर्थिक विकासतर्फ रु चार करोड ९० लाख ३० हजार, सामाजिक विकासतर्फ रु ६८ करोड २९ लाख ८५ हजार, पूर्वाधार विकासतर्फ रु ४५ करोड ५८ लाख ७५ हजार, वातावरण तथा विपद् व्यवस्थापनतर्फ रु छ करोड ११ लाख ७५ हजार, संस्थागत विकास सेवा प्रवाह र सुशासनतर्फ रु ४० करोड ६३ लाख ८६ हजार विनियोजन गरिएको छ । उक्त बजेटमध्ये सङ्घ सरकारबाट सशर्त अनुदानवापत ५८ करोड ९८ लाख, आन्तरिक स्रोतको आयबाट रु २२ करोड ६० लाख, सङ्घ सरकारको वित्तीय समानीकरण अनुदान रु २० करोड ६९ लाख, सङ्घ सरकारको राजश्व बाँडफाँटबाट रु १५ करोड ७२ लाख ९९ हजार, नगर विकास कोष ऋणबाट रु ११ करोड, सञ्चित कोष अल्याबाट रु १० करोड, राजस्व बाँडफाँटअन्तर्गत मालपोत रजिस्ट्रेशनबाट रु १० करोड आय अनुमान गरिएको छ । सङ्घ विशेष अनुदानबाट रु चार करोड, प्रदेश वित्तीय समानीकरण अनुदान रु दुई करोड ५९ लाख ८१ हजार, प्रदेश सरकारको राजस्व बाँडफाँटबाट रु दुई करोड नौ लाख ७१ हजार, सङ्घ समपूरक अनुदान रु दुई करोड १० लाख, प्रदेशको विशेष अनुदान रु एक करोड, सशर्त अनुदान रु एक करोड, समपूरक अनुदान रु एक करोड, प्रदेशको नवप्रवर्तनीय साझेदारी कोष अनुदान रु एक करोड, सङ्घ सरकारको सडक बोर्ड नेपालबाट रु एक करोड, जनसहभागिता नगदबाट रु ६० लाख र मूल्य शृङ्खला कार्यक्रम अनुदान रु १५ लाख हुने अनुमान गरिएको छ ।

भानु नगरपालिकाले रु ८९ करोड ६८ हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ । उक्त बजेटमध्ये सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु १५ करोड ६५ लाख, सशर्त चालु अनुदान रु ३७ करोड आठ लाख, सशर्त पूँजीगत रु एक करोड ३९ लाख, विशेष अनुदान रु एक करोड ५० लाख, समपूरक अनुदान रु दुई करोड २० लाख, सङ्घीय राजस्व बाँडफाँटबाट रु १२ करोड ५७ लाख ६३ हजार आम्दानी हुने अनुमान गरिएको उपप्रमुख जमा गोतामेले बताउनुभयो।प्रदेशसरकारबाटवित्तीय हस्तान्तरणअन्तर्गत समानीकरण अनुदान रु एक करोड ८८ लाख, राजस्व बाँडफाँटबाट रु एक करोड २२ लाख १५ हजार, प्रदेश समपूरक रु एक करोड प्राप्त हुने नगरपालिकाको अनुमान छ । शुक्लागण्डकी नगरपालिकाले रु एक अर्ब २२ करोड १६ लाख ३१ हजार ८२० को अनुमानित बजेट प्रस्तुत गरेको छ । त्यसमध्ये समानीकरण अनुदान सङ्घबाट रु १६ करोड ३१ लख, राजस्व बाँडफाँट सङ्घबाट रु १२ करोड ९८ लाख ९० हजार, सशर्त अनुदान रु ४१ करोड नौ लाख, समानीकरण अनुदान प्रदेशबाट रु एक करोड ९९ लाख ८८ हजार, राजस्व बाँडफाँट प्रदेशबाट रु एक करोड ६४ लाख ६३ हजार, प्रदेश समपूरक अनुदानबाट रु ७० लाख, आन्तरिक आयबाट रु १५ करोड ८२ लाख ५० हजार, सामाजिक सुरक्षा भत्ता अन्तरसरकारी अख्तियारीबाट रु २५ करोड, गरिबसँग विशेश्वर कार्यक्रम अन्तरसरकारी अख्तियारीबाट रु छ लाख, घरजग्गा रजिस्ट्रेशन शुल्कबाटरुदुईकरोड९४लाख४० हजार ८२०, जनसहभागिताबाट रु तीन करोड आय हुने अनुमान गरिएको उपप्रमुख खुमबहादुर विकले बताउनुभयो ।

व्ययतर्फ विषयगततर्फ रु २४ करोड ९५ लाख ३१ हजार ८२०, सशर्त अनुदानतर्फ रु ४१ करोड नौ लाख, प्रदेश समपूरकतर्फ रु ७० लाख, वडागत सिलिङ रु नौ करोड ७६ लाख, सडक बोर्डतर्फ रु ६० लाख, गरिबसँग विशेश्वरतर्फ रु छ लाख, चालु खर्चतर्फ रु १७ करोड, सामाजिक सुरक्षातर्फ रु २५ करोड, जनसहभागितातर्फ रु तीन करोड हुने अनुमान गरिएको छ । भिमाद नगरपालिकाले रु ६७ करोडको अनुमानित बजेट प्रस्तुत गरेको छ । देवघाट गाउँपालिकाले रु ५२ करोड छ लाख ६४ हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ । त्यसमध्ये चालुतर्फ रु ३३ करोड ४० लाख तीन हजार र पूँजीगततर्फ रु १८ करोड ६६ लाख ६१ हजार विनियोजन गरिएको उपप्रमुख भुवनसिं गुरुङले बताउनुभयो । आँबुखैरेनी गाउँपालिकाले रु ६० करोड ५३ लाख ३३ हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ । कूल विनियोजितमध्ये चालुतर्फ रु ३४ करोड ४४ लाख र पूँजीगततर्फ रु २६ करोड २६ लाख विनियोजन गरिएको उपप्रमुख दुर्गा अर्यालले बताउनुभयो । आर्थिक विकासतर्फ रु आठ करोड ९० लाख, सामाजिक विकासतर्फ रु १९ करोड १९ लाख, पूर्वाधारतर्फ रु १८ करोड ३६ लाख, वन वातावरणतर्फ रु एक करोड ३६ लाख, सुशासनतर्फ रु दुई करोड ३२ लाख विनियोजन गरिएको छ । आयतर्फ सङ्घीय सरकार सशर्त अनुदानबाट रु १६ करोड १३ लाख, वित्तीय समानीकरणबाट रु १० करोड ५३ लाख, विशेष अनुदानबाट रु एक करोड ७० लाख, राजस्व बाँडफाँटबाट रु आठ करोड, प्रदेश सरकार अनुदानबाट रु एक करोड १६ लाख, सशर्त अनुदानबाट रु ४० लाख हुने अनुमान गरिएको छ ।

बन्दीपुर गाउँपालिकाले रु ६२ करोड ६२ लाख ९२ हजारको बजेट प्रस्तुत गरेको छ । त्यसमध्ये चालुतर्फ रु ४२ करोड ४९ लाख र पूँजीगततर्फ रु २० करोड १३ लाख ९२ हजार विनियोजन गरिएको उपाध्यक्ष पञ्चमाया गुरुङले बताउनुभयो ।

म्याग्दे गाउँपालिकाले रु ७३ करोड २६ लाख ९५ हजार ३६५ को अनुमानित बजेट प्रस्तुत गरेको छ । त्यसमध्ये पूँजीगततर्फ रु ४५ करोड ९२ लाख २९ हजार ६७५ र चालुतर्फतर्फ रु ५७ लाख ३९ हजार ६९० गरी रु २६ करोड ४९ लाख ६९ हजार ३६५ विनियोजन गरिएको उपाध्यक्ष बालकृष्ण घिमिरेले बताउनुभयो ।

घिरिङ गाउँपालिकाले रु ४९ करोड ६६ लाख ८९ हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ । त्यसमध्ये चालुतर्फ रु २६ करोड ९१ लाख ३४ हजार र पूँजीगततर्फ रु २३ करोड २६ लाख विनियोजन गरिएको उपाध्यक्ष राधादेवीअधिकारीलेबताउनुभयो। ऋषिङगाउँपालिकालेरु४९करोड ९९ लाख ४९ हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ ।



बकुला :
पोखरा महानगरपालिका-६ तालबाराही मन्दिर जाने बाटो आसपासमा देखिएका बकुलाका बथान । तस्बिर : राधिका कँडेल /रासस

# छात्राबास भवन निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, १२ असार

म्याग्दीको धवलागिरि गाउँपालिका-७ शिवाङमा रहेको हेम नमूना आवासीय विद्यालयको छात्राबास निर्माण गरिएको छ ।

गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा उक्त गाउँपालिकाले ठेक्कामार्फत भिनडाडाँमा तीनतले १२ कोठे भवन निर्माण गरेको हो । गाउँपालिकाका पूर्वाधार शाखाप्रमुख सवइञ्जिनीयर लोकेन्द्र रावलले रु दुई करोड ५५ लाखको लागतमा भवन निर्माण गरिएको जानकारी दिनुभयो ।

"आर्थिक वर्ष २०७६/७७ मा रु दुई करोड र २०७७/७८ मा रु एक करोड ४० लाख विनियोजन भएकामा जुम्ली माछापुच्छ्रे जेभीले पहिलो पटक रु एक करोड १५ लाख र दोस्रो पटक रु एक करोड ४० लाखमा ठेक्का सम्झौता गरेको थियो", उहाँले भन्नुभयो, "ठेक्का सम्झौताअनुसारको सबै निर्माणका काम सके पनि प्रदेशको सामाजिक विकास मन्त्रालयबाट बजेट निकासा नहुँदा रु ९० लाख भुक्तानी गर्न बाँकी छ ।"

भवनमा करिब १०० विद्यार्थीलाई आवासीय सुविधा दिनसक्ने क्षमता छ । विकट क्षेत्रका विपन्न बालबालिकालाई सहजरुपमा आधारभूतस्तरको शिक्षाको पहुँचमा ल्याउन उक्त गाउँपालिकाले आव २०७६/७७ देखि शिवाङको हेम माविलाई नमूना आवासीय माविमा रुपान्तरण गरेको थियो ।विद्यालयको पुरानो छात्राबास भवनमा बस्दै आएका विद्यार्थीको सहज बसाईं व्यवस्थापनका लागि नयाँ र सुविधायुक्त भवन निर्माण भएको हो । विद्यालयका प्रअ शेरबहादुर केसीका अनुसार हाल २६ बालबालिकाले आवासीय सुविधा पाएका छन् । भवन हस्तान्तरण भएपछि बन्दोबस्तीका सामग्री व्यवस्थापन गरेर छात्राबास प्रयोगमा ल्याउने तयारी गरिएको छ । छात्राबासको व्यवस्थापनका लागि आगामी आवमा रु १० लाख बजेट विनियोजन गरिएको वडाध्यक्ष अशोक खत्रीले बताउनुभयो ।

छात्राबासमा निःशुल्क खाने, बस्ने सुविधा दिइएपछि भौगोलिकरुपमा दुर्गम र विकट क्षेत्रका विपन्न तथा अनाथ बालबालिकालाई सहजरुपमा शिक्षा हासिल गर्न सुविधा पुगेको छ । सरकारी विद्यालयमा आवासीय सुविधा भएपछि दैनिक दुई/तीन घण्टा दुःख कष्टका साथ भिर, जङ्गल र खोलाको बाटो पैदल हिँडेर स्कुल जानुपर्ने समस्या अब हटेको छ । गरिबी र पारिवारिक वातावरण नभएर विगतमा पढाइ छोड्नेक्रम अहिले घटेको छ ।

आवासीय विद्यालयमा गरिब, अपाङ्ग अभिभावक, अनाथ र नजिक विद्यालय नभएका कारण शिक्षा हासिल गर्नबाट बञ्चित विद्यार्थीलाई अध्ययनको व्यवस्था मिलाइएको छ । विकट र थोरै घरधुरीको बसोबास भएको बस्तीका बालबालिका आधार भूतस्तरको शिक्षा हासिल गर्नका लागि दैनिक दुई तीन घण्टा हिँडेर विद्यालय पुग्नुपर्ने, पढ्नका लागि डेरा लिनुपर्ने वा आफन्तकहाँ बस्नुपर्ने समस्या अन्त्यका लागि आवासीय विद्यालय सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ ।

# साढे दुई वर्षमा सक्ने पुल छ वर्षमा आधा मात्रै काम

पोखरापत्र संवाददाता
गलकोट, १२ असार

ठेकेदार कम्पनीको चरम लापरबाही र सरोकारवाला निकायको बेवास्ताको उदारण बनेको छ बागलुङको कुश्मीसेरादेखि पर्वत फलेबास जोड्ने पक्की सडक ।

पुल निर्माण सुरु भएको छ वर्ष पूरा हुँदा आधा मात्रै काम भएको छ । समयमा पुल निर्माण नहुँदा यात्रुहरु घुमाउरो यात्रा गर्न बाध्य छन् । बागलुङ-पोखरा राजमार्गको वैकल्पिक सडकको मुख्य पुल नै लामो समयदेखि नबन्दा बागलुङ र पर्वतका हजारौं नागरिक २० मिनेटको बाटो तीन घण्टा बढी यात्रा गर्न बाध्य छन् । यो सडक भएर बागलुङका दक्षिणी भेग जैमिनी र बरेङका जनता सोझै पर्वतको फलेबास, कार्कनिटा र स्याङ्जाहुँदै पोखरा जान सक्छन् तर कालीगण्डकीमा पुल नभएका कारण बागलुङ बजार आएर पुन कुस्मा जानुपर्ने बाध्यता छ । कालीगण्डकी नदीमाथि निर्माण गर्न थालिएको १०५ मिटर लामो यस पुलको छ वर्षको प्रगति करिब ५० प्रतिशत रहेको निर्माण कम्पनीको जिकिर छ । पुलको हालसम्म ५० प्रतिशत प्रगति भएको र अहिले निर्माणले गति लिएको सडक डिभिजन कार्यालयका ईन्जिनियर किरण पोखेलले बताउनुभयो । उहाँका अनुसार जगको पिल्लर निर्माण भइसकेको र ढलानको काम मात्र बाँकी रहेको छ । विसं २०७३ असोज ९ गते रसुवा/श्री गीता/फेवा जेभीले पुल निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो । साढे दुई वर्ष भित्रमा सक्ने गरी सम्झौता भएको पुलको काम अहिलेसम्म बल्ल आधा काम भएको छ । पुल नबन्दा दक्षिण बागलुङका जनताले ठूलो सस्ती खेप्नु परेको स्थानीय गोविन्द शर्माले बताउनुभयो । उहाँले यहाँका हजारौं नागरिकलाई पोखरा पुग्न यस सडकबाट धेरै छिटो हुने भए पनि अहिले बागलुङ पुगेर जानु पर्ने अवस्था रहेको बताउनुभयो। पछिल्लो पटक २०७८ चैत्र मसान्तभित्र काम सम्पन्न गर्ने गरि म्याद थप गरिए पनि प्रभावकारी रुपमा काम भने अघि बढ्न सकेको छैन । समयमै काम सम्पन्न नभएपछि पुनः म्याद थप्ने तयारी ठेकेदार कम्पनीको छ । ठेकेदार कम्पनीका सुपरभाईजर शेरबहादुर भण्डारीले आवश्यक उपकरण ल्याउन समस्या भएकाले समयमै काम सक्न नसकेको बताउनुभयो । उहाँले अहिले आवश्यक उपकरण आइसकेको र काम पनि तीव्र गतिमा भएको बताउनभयो । सुपरभाईजर भण्डारीले जमिन मुनी ४८ वटा पिल्लर निर्माण गरिसकेको र अहिले माथि दुई वटा पिल्लर ठडाइसकेको बताउनुभयो । रु १३ करोड १२ लाख ४५ हजार ३६४मा निर्माण थालिएको पुल राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको कालीगण्डकी करिडोरमा जोडिन्छ । पुलले पर्वत, स्याङ्जा र पोखरालाई समेत करिडोरको पहुँचमा ल्याउनेछ ।

# फलेवासको नगरसभा हुन सकेन

पोखरापत्र संवाददाता
पर्वत, १२ असार

पर्वतका सात स्थानीय तहमध्ये छवटा स्थानीय तहले आगामी आर्थिक वर्ष ०७९/८० का लागि यही असार १० गते नै नीति तथा कार्यक्रम र बजेट पारित गरेका छन् । तर फलेबास नगरपालिकामा भने नगरसभा हुनसकेको छैन । फलेबासमा नीति तथा कार्यक्रम र बजेटका विषयमा विवादका कारण नगरसभा सम्पन्न हुन नसकेको हो ।

नगरसभाको तयारीका लागि बसेको कार्यपालिकाको बैठकमा नीति तथा कार्यक्रममा समावेश गर्ने विषयमा गठबन्धन र नेकपा (एमाले)का प्रतिनिधिका बीचमा सहमति कायम नहुँदा नगरसभा नै बस्न नसकेको हो । नगर प्रमुख गङ्गाधर तिवारीले कार्यपालिकाको बैठकमा नीति तथा कार्यक्रमका सबै विषयसहितको प्रस्ताव पेश नगरेको आरोप एमालेका प्रतिनिधिले लगाएका छन् भने नेपाली काङ्ग्रेसका प्रतिनिधिले कर छुट दिने र फलेबासमा नगरबस सञ्चालन गर्ने विषयमा एमालेले असहमति जनाएका कारण नगरसभा हुन नसकेको दाबी गरेका छन् । शुक्रबार भएको कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद श्रेष्ठले बुँदागतरूपमा नीति तथा कार्यक्रम प्रस्तुत गरेपछि एमालेका प्रतिनिधिले लिखितरूपमै सबै नीति तथा कार्यक्रम कार्यपालिकाबाट पारित गर्न माग गरेका थिए । एमालेका प्रतिनिधिले कार्यपालिका बैठक र सभा व्यवस्थितरूपमा सञ्चालन गर्नका लागि विषयगत समितिको बैठक राख्ने, राजस्वका दरका बारेमा निर्णय गर्नुपर्ने, नगरसभामा पेश गर्ने प्रस्ताव नगर कार्यपालिकाले पास गर्नुपर्नेमा नगरप्रमुखले कार्यपालिका बैठकमा पेश नै नगरेको तथा नीति तथा कार्यक्रम कार्यपालिकामा छलफल गरी स्वीकृत गर्नुपर्नेमा कार्यपालिकामा प्रस्तुत र छलफल नै नभएको आरोप लगाएका छन् । कार्यपालिकाका सदस्य नेत्रबहादुर विश्वकर्माले भन्नुभयो "कार्यपालिकामा नीति तथा कार्यक्रमलाई घनिभूतरूपमा छलफल गर्नुपर्ने र सुझावसहित तयार पार्नुपर्छ ।"

फलेबास नगर प्रवक्ता अच्युत तिवारीले प्रमुख प्रशासकीय अधिकृतले नीति तथा कार्यक्रमका मुख्य बुँदाहरू कार्यपालिकामा प्रस्तुत गरेको बताउनुभयो । उहाँले नगरपालिकाले नगरबस सञ्चालन गर्ने तथा कोभिडका कारण मर्कामा परेका जनतालाई २५ प्रतिशत कर छुट दिने कुरामा नै असहमति राखेर कार्यपालिकाका सदस्य बाहिर गएको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, 'नगरप्रमुखले सहमतिका लागि आउनुभन्दा पनि बहुमतको दम्भ देखाएर उहाँहरू हिँड्नुभयो ।"

नगरप्रमुख र उपप्रमुख गठबन्धनले जितेको छ भने कार्यपालिका र नगरसभामा एमालेको बहुमत छ । प्रवक्ता तिवारीले बहुमतले जहिले सहमतिका लागि आउँछन् त्यही समयमा नगरसभा हुने जानकारी दिनुभयो ।

# तेक्वान्दो खेलाडी विश्वराज सम्मानित

रासस
काठमाडौं, १२ असार

कोटेश्वर तेक्वान्दो डोजाङले तेक्वान्दो खेलाडी विश्वराज श्रेष्ठलाई सम्मान गरेको छ । विश्वराज कोटेश्वर तेक्वान्दो डोजाङकै खेलाडी हुनुहुन्छ ।

अस्ट्रेलियामा भएको दुई फरक अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा विश्वराजले २ स्वर्ण र १ कास्य जित्दै डोजाङका साथै देशको प्रतिष्ठा अभिवृद्धि गरेकोमा सम्मान गरिएको आयोजक डोजाङले जनाएको छ । विश्वराजले ब्रिसबेन खुला तेक्वान्दोमा २ स्वर्ण जित्नुभएको थियो । उहाँले क्योरोगीको ६८ केजीमुनि र स्पेशल फाइटमा १-१ स्वर्ण जित्नुभएको थियो । त्यस्तै सिड्नी तेक्वान्दो च्याम्पियनसिपमा उहाँले कास्य पदक जित्नुभएको थियो । दुवै प्रतियोगिता सन् २०१९ मा भएको थियो । अध्ययनका सिलसिलामा विश्वराज सन् २०१८ मा अस्ट्रेलिया जानुभएको थियो । त्यही दौरान उहाँले उक्त प्रतियोगितामा सहभागिता जनाउनुभएको हो । नेपाल आएका बेला कोटेश्वर तेक्वान्दो डोजाङले विश्वराजलाई सम्मान गरेको हो । तेक्वान्दोका मुख्य प्रशिक्षकसमेत रहेकाकोटेश्वरतेक्वान्दो डोजाङका प्रमुख नवीनकुमार श्रेष्ठले विश्वराजलाईसम्मान गर्नुभयो । प्रमुख श्रेष्ठले आफ्ना डोजाङका खेलाडीले गरेको प्रगतिले सिङ्गो डोजाङ परिवारले गर्वको अनुभूति गरेको बताउँदै आगामी दिन अझ सफलताका लागि विश्वराजलाई शुभकामना दिनुभयो ।

सम्मानित भएपछि विश्वराजले भन्नुभयो, "सात वर्षदेखि तेक्वान्दो खेल्न सुरु गरेँ । तेक्वान्दोप्रतिको लगाव र मायाले गर्दा चटक्कै छाड्न पनि गाह्रो छ । त्यसैले अध्ययनका लागि अस्ट्रेलिया गए पनि मौका पाउन साथ प्रतियोगितामा सहभागी हुन्छु । मेरो सफलताको कदर गर्दै सम्मान गर्नुभएकोमा कोटेश्वर तेक्वान्दो डोजाङलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।''